नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : ८१८०

मिति २०७७/०३/२६ गते

विषय: **बैठकको निर्णय पठाइएको ।**

श्री गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा,
(राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र) सिंहदरवार, काठमाडौं ।

मिति २०७७/०३/२६ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णय यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

(श्रीनाथ पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थ
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा ।

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश, पोखरा ।

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

आज मिति २०६६ असार २६ गते शुक्रवारका दिन कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद दवाडीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको देहायको उपस्थितिमा बैठक बसि निम्नानुसार निर्णय गरियो ।

उपस्थिति:

प्र.जि.अ. श्री ज्ञानप्रसाद दवाडी, जिल्ला प्रशासन कार्यालय कास्की
महानगर प्रमुख श्री मानबहादुर जि.सी. पोखरा म.न.पा. कास्की
अध्यक्ष/प्रतिनिधि श्री नवराज ओझा रुपा गा.पा. कास्की
श्री खड्कबहादुर गुरुङ " मादी गा.पा. कास्की
श्री कर्ण बहादुर गुरुङ " माछापुच्छ्रे गा.पा. "
श्री युवराज कुंवर अन्नपूर्ण गा.पा. कास्की
प्रमुख/सेनापति श्री मदनजंग कार्की भगवतीदल गण फूलबारी
प्रहरी उपरीक्षक श्री जीवन कुमार श्रेष्ठ जि.प्र.का. कास्की
सशस्त्र प्रहरी उपरीक्षक श्री प्रेमध्वज शाही स.प्र. बल
उप. अ. निर्देशक श्री भुमि पाठक - रा.अ.वि. जि. कास्की
स.प्र.जि.अ. श्री विश्वनाथ पौडेल - जि. प्रशासन का. कास्की
" " श्री गुरुदत्त ढकाल - " "
जि. अधिकारी श्री नवराज घाले जि.ह.स. कास्की
प्र.अ. श्री कृष्णप्रसाद पौडेल - " "
सि.डि.ई. श्री नवराज शर्मा डी. पुनर्निर्माण प्रा. कास्की
व.अ.का.अ. राम सिंह थापा, शहरी विकास तथा भवन निर्माण डि. गण्डकी
सि.डि.ई. किरण आचार्य जलस्रोत तथा सिंचाई विकास डिभिजन
प्र.जनस्वा.अ. बाबुराम आचार्य, स्वास्थ्य कार्यालय, कास्की
का.प्र. सुरेन्द्र कुमार शाह, नेपाल विद्युत प्राधिकरण, पोखरा
डि.प्र. महेश कुमार डेरा, हेभि इक्विपमेन्ट डिभिजन, पोखरा
अध्यक्ष पोखरा उद्योग वाणिज्य संघ दामु अधिकारी
ई. भुवन न्यौपाने, संघीय सडक विकास व्यवस्था.बी कास्की
सूर्य प्रसाद ढकाल - संयोजक - ने.रे.क्र.सो. कास्की विपद् समिति
सह अध्यक्ष ने.रे.क्र.सो. गण्डकी प्रदेश
श्री खड्ग बहादुर गुरुङ जनता समाजवादी पार्टी नेपाल
बखान सिंह गुरुङ, सचिव, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कास्की
दीपेन्द्र श्रेष्ठ अध्यक्ष, नेपाल पत्रकार महासंघ कास्की
डोलराज पाण्डे, सभापति, ने.रे.सो., कास्की

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

प्रमुख/सभापति श्री कृष्ण के.सी. नेपाली काँग्रेस जिल्ला कार्य समिति

कोषाध्यक्ष श्री लक्ष्मी पाण्डे, नेपाली काँग्रेस जिल्ला का.स.

डिभिजन प्रमुख सुनिल बाबु पन्त, सशस्त्र डिभिजन पोखरा

डिभिजन वन अधिकृत रामकाजी श्रेष्ठ, डिभिजन वन कार्यालय, कास्की

ज.समाजवादी पार्टी जि. सचिव नारायणप्र अधिकारी

गिरी प्रसाद गुरुङ अध्यक्ष जनता समाजवादी कास्की

**निर्णयहरु:**

१. कोभिड-१९ (कोरोना भाइरस ) संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको विद्यमान अवस्था, हालसम्म जिल्लामा रहेका Quarantine, Isolation स्थलहरु तथा शव व्यवस्थापनमा गरिएका प्रयास र देखिएका चुनौति सन्दर्भमा बैठकमा छलफल भयो ।

२. विगत दुई दिन देखि परेको अविरल बर्षाका कारण कास्की जिल्लाको विभिन्न भागमा भएको धनजनको क्षति एवम् संभाव्य क्षतिको सम्बन्धमा छलफल भयो । विपद्का घटनाबाट सुरक्षित रहन कास्कीबासी सबै बुबाआमा दाजुभाई दिदीबहिनीहरुमा उच्च शतर्क रहन अनुरोध गर्ने ।

३. यसै अवधिमा पोखरा महानगरपालिका वडा नं १८ सराङकोट स्थित गोठादी भन्ने स्थानमा ५ जना, वडा नं २५ हेम्जा स्थित मेलबोटमा १ जना र पोखरा महानागरपालिका वडा नं २६ मा १ जना गरी ७ जनाको मृत्यू भएको सन्दर्भमा मृतकका परिवार प्रति गहिरो समवेदना प्रकट गरियो र घाइते हुने व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

४. मृतकका परिवारलाई प्रकोप पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन), २०७४ को बुँदा २ (क) बमोजिम प्रति मृतक रु १ लाखका दरले तत्काल राहत उपलब्ध गराउने तथा घटनामा घाइते भएका व्यक्तिहरुको उपचारको लागि प्रकोप पिडित उद्धार र राहत संवन्धी मापदण्डको, २०७४ को बुँदा नं २ (क) बमोजिम सरकारी अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाउने तथा पिडित घर परिवारलाई मापदण्ड बमोजिम राहत उपलब्ध गराउने ।

५. कोभिड-१९ (कोरोना भाइरस ) को संक्रमणको जोखिम कायमै रहेको अवस्थामा मनसुन तथा विपद् बाट जिल्लामा हुने क्षतिलाई न्यूनिकरण गर्दै विपद्जन्य घटनामा तत्काल खोजी कार्य, उद्धार एवम् राहत र पुनर्लाभ जन्य कार्यको लागि यसै आ.व मा अध्यावधिक गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ अनुरुप स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विषयगत कार्यलयहरु, राजनैतिक दलहरु, सरकारी तथा गैर सरकारी संघ संस्था, रेडक्रस सोसाईटी जिल्ला शाखा कास्की, नागरिक समाज र सञ्चार जगत लगायतले आ-आफ्नो क्षेत्रबाट क्रियाशिल रही सहयोग गर्न अनुरोध गर्ने ।

६. मौसम पूर्वानुमान विभागद्वारा जारी गरिएको विज्ञप्तीमा समेत अझै केहि दिन भारी बर्षाको सम्भावना रहेकोले प्रदेश आपतकालिन सञ्चालन केन्द्र , स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नेपाल पत्रकार महासंघ कास्की र जिल्लामा क्रियाशिल सञ्चार गृहले सचेतनामूलक सञ्चार सामाग्री प्रकाशन प्रसारण गर्न अनुरोध गर्ने ।

७. नदी किनार , भिरालो तथा जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा वस्तिलाई जोखिमको स्तर हेरी सम्भावित धनजनको क्षतिलाई न्यूनिकरण गर्न स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा सुरक्षित स्थानमा अस्थायी रुपमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

८. विपद् खोज तथा उद्धारमा प्रयोग गरिने मेसिनरी औजारको लागि तयारी अवस्थामा रहन स्थानीय तहहरु तथा हेभि ईक्युपमेन्ट कार्यालय साथै पिडित तथा घाइतेलाई अस्पताल सम्म लैजाने व्यवस्थाका लागि स्वास्थ्य कार्यालय कास्की र एम्बुलेन्स व्यवस्थापन समितिले आपसी समन्वयमा मिलाउने ।

९. खोजी तथा उद्धार कार्य एवम् सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यमा जिल्ला स्थित सबै सुरक्षा निकायहरुलाई आवश्यक खोज तथा उद्धार सामाग्री सहित तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

१०. विपद् बाट भएको जनधन तथा भौतिक संरचना लगायतका क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिले निर्दिष्ट ढाँचामा तयार गरि जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउन अनुरोध गर्ने ।